नेपाल विद्युत प्राधिकरण

सामान्य सेवा विभाग, काठमाण्डौं

विषयः शिशु स्याहार केन्द्र सञ्चालन तथा शिशु भर्ना सम्वन्धी सूचना ।

(सूचना प्रकाशित मिति २०८३।०१।०८)

नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय परिसरमा सञ्चालन गरिने शिशुहरुको स्याहार केन्द्रमा शिशु भर्ना गर्न ईच्छुक कर्मचारीहरुले ने.वि.प्रा., शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि २०८२ मा उल्लेख भएको निम्न शर्तको अधिनमा रहने गरी सोही कार्यविधिको अनुसूची १ अनुसारको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल विद्युत प्राधिकरण, सामान्य सेवा विभागमा आवेदन पेश गर्नहुन सम्वन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**स्वीकृत कार्यबिधि अनुसार शिशु भर्नाका लागि पुर्याउनुपर्ने शर्तहरुः**

**१. शिशुँ स्याहार केन्द्रमा भर्ना गर्न सकिने अवस्थाः**

- प्राधिकरणका स्थायी तथा सञ्चालक समितिबाट नियुक्ति भएका म्यादी/करार/ज्यालादारी कर्मचारीका शिशुमात्र हुनुपर्ने। -
- शिशुको उमेर ३ महिनादेखि ३ वर्ष सम्मको हुनुपर्ने।

**२. शिशुहरुको पालन पोषणका लागि प्रति शिशु मासिक शुल्कः रु.२,५००।- बुझाउनु पर्नेछ।**

**३. शिशु स्याहार केन्द्रमा भर्ना गर्न आवेदन दिँदा पेश गर्नुपर्ने कागजातहरुः**

- कर्मचारी कार्यरत कार्यालयको सिफारिस पत्र।
- शिशुको जन्म दर्ता प्रमाणपत्र, नेपाल सरकारबाट मान्यता प्राप्त बाल चिकित्सकद्वारा सम्वन्धित शिशु भर्ना गर्न स्वास्थ्यको दृष्टिले ठीक छ भनी दिईएको प्रमाणपत्र ।
- एकल महिला वा पुरुष कर्मचारीको शिशुको हकमा पति पत्नीको मृत्यु भएको वा निजको सम्बन्ध विच्छेद भई निज कर्मचारीको जिम्मामा उक्त शिशु रहेको आधाकारिक प्रमाण खुल्ने दस्तावेज।

**४. शिशुको भर्नाको प्राथमिकताका आधारः**

- प्राप्त निवेदनहरु मध्येबाट क्रमश एकल महिला वा एकल पुरुष कर्मचारीका शिशु, पति पत्नी दुबै प्राधिकरणको सेवामा रहेका कर्मचारीको शिशु, शिशु भर्ना गरी पाउँ भनी भर्ना हुन आएका शिशुहरु मध्ये कम उमेरका शिशु, प्राधिकरणमा कार्यरत महिला कर्मचारीका शिशु, प्राधिकरणमा कार्यरत पुरुष कर्मचारीका शिशु, शिशुको आमा वा बाबु एकै भूगोलभन्दा बाहिर रहेको वा ६ महिना भन्दा बढी समयदेखि विदेशमा रहे/बसेको भएका कर्मचारीका शिशु र स्वस्थ शिशुः
- माथि उल्लेखित प्राथमिकताका आधारमा शिशुको भर्ना गरिनेछ।
- यस प्राथमिकताक्रमलाई आधार मानी शिशु भर्ना गर्ने वा नगर्ने सम्बन्धी निर्णय उपर उजुर बाजुर गर्न पाईने छैन।

**५. शिशुहरुको अभिभावकको दायित्व शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन कार्यविधि, २०८२ को दफा २४ बमोजिम हुनेछ।**

**६. कार्यविधि अनुसार कम्तिमा १० जना शिशु हुने सुनिश्चितता भए पश्चातमात्र शिशु स्याहार केन्द्र सञ्चालन गरिनेछ।**

**७. माथि समावेश नभएका अन्य विषयहरु कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।**